# छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. समपुरक, विशेष र अन्य अनुदान प्राप्त बारे जानकारी सम्बन्धमा ।

३. लेखा परिक्षण प्रतिवेदन माथी छलफल गर्ने सम्बन्धमा ।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव उपर छलफल र कार्यान्वयन सम्वन्धमा ।

५. आ.व. २०८२/०८३ को लागि नीति तथा कार्यक्रमको लागि सुझाव संकलन गर्ने सम्बन्धमा।

६. आ.व. २०८२/०८३ को लागि नीति तथा कार्यक्रम र बजेट पेश गर्ने मिति तोक्ने सम्बन्धमा।

७. गाउँपालिकाको १० (दश) वर्षे शिक्षा योजना पास गर्ने सम्वन्धमा ।

८. विविध

(क) आर्थिक सहायता सम्बन्धमा ।

(ख) मर्मत सम्भार सम्बन्धमा:

(ग) अवधी थप सम्बन्धमा ।

CS CamScanner

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमा:-** यस अघिका कार्यपालिका बैठकका निर्णयहरु लिपिबद्ध गरी केही निर्णयहरु कार्यान्वयन भई सकेका र अन्य निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने विषयमा समिक्षा एवम् छलफल गरियो ।

**निर्णय नं. २ समपुरक, विशेष र अन्य अनुदान प्राप्त बारे जानकारी सम्बन्धमा:** आगामी आ.व. २०८२/०८३ को लागि सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुन आएको समपुरक र विशेष लगायत अन्य बजेट शिलिङको बारेमा जानकारी एवम् छलफल भयो ।

**निर्णय नं. ३ लेखा परिक्षण प्रतिवेदन माथी छलफल गर्ने सम्बन्धमा:-** कार्यालयले आ.व. २०८०/०८१ मा गरेको खर्चको (आर्थिक) कारोबारको अन्तिम लेखापरिक्षण प्रतिवेदन प्राप्त भएकोले सो सम्बन्धमा अक्षरस छलफल भयो र आगामी दिनमा गाउँपालिकाबाट खर्च गर्दा थप व्यवस्थित र मितव्ययी तवरले खर्च लेख्ने । साथै अन्तिम लेखा परिक्षण प्रतिवेदनले औल्याएका सुझावलाई समेत अक्षरस पालना एवम् कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव उपर छलफल र कार्यान्वयन सम्बन्धमा:** सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न स्थानीय तहका नजिर लगायत अन्य विषयमा समेत उल्लेख गरि प्रेषित भै यस कार्यालयमा प्राप्त विभिन्न मितिका पत्रका सम्बन्धमा वृहत छलफल भयो । सो सम्वन्धमा लेखि आए वमोजिमका सुझाव एवम् विषय वस्तुलाई अक्षरस पालना एवम् कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ आ.व. २०८२/०८३ को लागि नीति तथा कार्यक्रमको लागि सुझाव संकलन गर्ने सम्बन्धमा:** कार्यलयवाट तयार गरिने आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमका लागि सम्पूर्ण सरोकारवालासँग राय सुझाव संकलनका लागि मिति २०८२ साल असार महिना २ गते सोमवारका दिन बिहान ११:०० बजे सुझाव संकलन कार्याक्रम गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ आ.व. २०८२/०८३ को लागि नीति तथा कार्यक्रम र बजेट पेश गर्ने मिति तोक्ने सम्बन्धमा:** आर्थिक वर्ष २०८२/०८३ को लागि बजेट र नीति तथा कार्यक्रम पेश

एवम् पास गर्नका लागि गाउँपालिकाको गाउँसभाको १६ औं अधिवेशन मिति २०८२ साल असार महिना ९ गते बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ गाउँपालिकाको १० (दश) वर्षे शिक्षा योजना पास गर्ने सम्बन्धमाः** गाउँपालिकाको १० वर्षे शिक्षा योजना मस्यौदा समितिले तयार गरी लेखन समितिबाट पेश हुन आएको गाउँपालिकाको १० वर्ष शिक्षा योजना पास गर्ने निर्णय गरियो । निर्णय अनुसूची-१ मा उल्लेख गरिएको छ ।

**निर्णय नं. ८ विविधः**

**(क) आर्थिक सहायता सम्बन्धमाः** शिवपुरी गाउँपालिका वडा नं. ४ निवासी हर्क बहादुर तामाङको छोरी, कृष्ण बहादुर तामाङको श्रीमती वर्ष ४५, ना.प्र. नं. १६६९०८ को श्री बाटुली तामाङले यस कार्यालयमा दिनु भएको निवेदन, ४ नं. वडा कार्यालय, सिक्रेको सिफारिस पत्र र संलग्न बील भर्पाईहरुको आधारमा निजलाई क्यान्सर रोगको उपचार गर्दा भएको खर्च र निजको आर्थिक अवस्था कमजोर देखिएकोले निजलाई उपचार खर्च वापत आर्थिक सहायता रु. ५०,०००।(अक्षरुपीः पचास हजार रुपैयाँ मात्र ।) दिने निर्णय गरियो ।

**(ख) मर्मत सम्भार सम्बन्धमाः** शिवपुरी गाउँपालिका वडा नं. १ स्थित विनडाँडा-ज्यामिरे खोलाको झोलुङ्गे पुल लागत अनुमान अनुसार कार्यालयको मिल्दो जुल्दो शीर्षकबाट खर्च लेख्ने गरी बढिमा ५,००,०००।- (पाँच लाख रुपैयाँ) सम्म खर्चमा मर्मत सम्भार गराउने निर्णय गरियो ।

**(ग) अवधी थप सम्बन्धमाः** यस शिवपुरी गाउँपालिकाको आ.व. २०८१/०८२ मा ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गरिएका तपसिल बमोजिमका निर्माण कार्यको अवधि थप गर्ने निर्णय गरियो।

| सि.न. | ठेक्काको बिवरण र ठेक्का नं. | निर्माण व्यवसायिको नाम र ठेगाना | सम्झौता मिति | हाल कायम अवधि | म्याद थप गरी कायम हुने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चिसापानी पर्यटन पुर्वाधार निर्माण (SRM/NCB/WORKS/081-082/01) | Om Bajra Construction, Myagang-06, Nuwakot | २०८१।१२।२१ | २०८२।०३।१० | २०८२।०३।३० | |
| २ | देउराली-रोल्चे-शिवालय-चगाउँ सडक स्तरोन्नती (SRM/NCB/WORKS/081-082/01) | K.P. Construction Udyog, Bidur-09, Nuwakot | २०८२।०१।०५ | २०८२।०३।१० | २०८२।०३।३० | |
| ३ | लोकमार्ग-खतिवडाटोल-काउले-तप्केटार-हिंले-कात्तिके-थाप्के-हर्षे भिरखर्क सडक स्तरोन्नती (SRM/NCB/WORKS/081-082/01) | Prabidhi Engineering Solution Pvt.Ltd, Tokha-08, Kathmandu | २०८१।१२।२८ | २०८२।०३।१० | २०८२।०३।३० | |
| ४ | सुइरे चौर सहिद पर्यटन पार्क निर्माण (SRM/NCB/WORKS/081-082/01) | D. P. Construction, Bidur-04,Nuwakot | २०८२।०१।१९ | २०८२।०३।१५ | २०८२।०३।३० | |

CamScanner